# प्रेस विज्ञप्ती

माननीय अर्थ मन्त्री श्री वर्षमान पुनको नेतृत्वमा एक प्रतिनिधि मण्डल विश्व बैंक समूह र अन्तर्राष्ट्रिय मुद्रा कोषको सन् २०११ को सेप्टेम्बर २३-२५ सम्म आयोजना हुने संयुक्त वार्षिक बैठकमा भाग लिनका लागि हिजो साँझ अमेरिकाको राजधानी वासिङ्टन डि.सी. तर्फ प्रस्थान गर्‍यो । विश्व बैंकको गभर्नरमा अर्थ मन्त्री र बैकल्पिक गभर्नरमा अर्थ सचिव रहनु भएको छ । त्यसैगरी, अन्तर्राष्ट्रिय मुद्रा कोषको गभर्नरमा नेपाल राष्ट्र बैंकका गभर्नर र बैकल्पिक गभर्नरमा अर्थ मन्त्रालय, वैदेशिक सहायता समन्वय महाशाखाका सहसचिव रहनु भएको छ ।

उक्त बैठकमा विभिन्न मुलुकका अर्थ मन्त्रीहरु, केन्द्रीय बैंकका गभर्नरहरु, निजी क्षेत्रका कार्यकारी प्रमुखहरु र प्राज्ञहरु समेत सहभागी भई गरिबी निवारण, आर्थिक विकास तथा सहायता प्रभावकारीता जस्ता विश्वव्यापी चासोका विषयहरुमा छलफल तथा विचार विमर्श हुनेछ ।

नेपाली प्रतिनिधि मण्डलले वार्षिक बैठकमा भाग लिनुका साथै विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र अन्तर्राष्ट्रिय वित्त निगमका उच्च पदाधिकारीहरुसँग छलफल तथा परामर्श गर्ने कार्यक्रम रहेको छ । साथै, सो अवसरमा बेलायत, डेनमार्क, फिनल्याण्ड, नर्वे लगायतका मुलुकका प्रतिनिधिहरुसँग भेटघाट गर्ने कार्यक्रम रहेको छ । नेपाली प्रतिनिधि मण्डलका अन्य सदस्यहरुमा नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडा, अर्थ सचिव श्री कृष्णहरि बास्कोटा, अमेरिका स्थित नेपाली राजदूत डा. शंकर शर्मा र अर्थ मन्त्रालय वैदेशिक सहायता महाशाखाका सहसचिव श्री लालशंकर घिमिरे रहनु भएको छ । उक्त प्रतिनिधि मण्डल आश्विन ११ गते स्वदेश फिर्ता हुनेछ ।

**अर्थ मन्त्रालय**
**मिति २०६८।०६।०४**